# भारतमा ट्याक्सी चालकहरूको हडताल

■ एजेन्सी
नयाँदिल्ली, भदौ ६

दिल्लीमा अटो तथा ट्याक्सी चालकहरूले अनुचित प्रतिस्पर्धा र थोरै कमाइ हुने भन्दै एपमा आधारित क्याब सेवाविरूद्ध दुई दिने हडतालको आह्वान गरेका छन् ।

बिहीबारदेखि सुरू भएको हडतालबाट यात्रीहरूलाई असुविधा भएको छ भने धेरै चालकले सवारी लिन अस्वीकार गरेका छन् ।

एपमा आधारित क्याब सेवाहरु अवैधरूपमा सञ्चालन भइरहेको र स्थानीय चालकहरूको शोषण गरिरहेको दिल्ली अटो ट्याक्सी ट्रान्सपोर्ट कांग्रेस युनियनका उपाध्यक्ष आरएस राठौडले बताए ।

'ओला र उबरजस्ता कम्पनीहरूले हाम्रो पैसा खाइरहेका छन्, हामीले ओला र उबरजस्ता एपमा आधारित क्याब सेवाविरूद्ध हडताल गरेका छौं, यी कम्पनीहरु अवैध रूपमा चलिरहेका छन् र स्थानीय चालकहरूले आफूले पाउनुपर्ने पारिश्रमिक पाइरहेका छैनन्', उनले भने, 'यी एपले अटो र बाइकजस्ता सबै सवारीसाधनलाई लिएका छन्, यसबाट स्थानीय चालकहरूलाई अहिले कुनै व्यवसाय छैन ।'

उनले सरकारले ध्यान नदिए भविष्यमा विध्वंश हुने सम्भावना रहेको बताए । 'हाम्रो अत्यन्त सरल मागहरु छन्, हामी ओला र उबरलाई बन्द गर्न माग गर्दछौं', उनले भने ।

एपमा आधारित सेवाहरूले सवारी खोसेर आफ्नो आम्दानी घटाएको चालकहरूले गुनासो गरेका छन् । केही चालकले दैनिक खर्च पनि पूरा गर्न नपाइरहेको दाबी गरेका छन् । हडतालका कारण यात्रीहरूले कठिनाइको सामना गर्नुपरेको छ र धेरैले क्याब बुक गर्न समस्या भएको गुनासो गरेका छन् ।

हडतालले दिल्लीमा परम्परागत ट्याक्सी चालकहरु र एपमा आधारित सेवाहरूबीच चलिरहेको तनावलाई प्रकाश पारेको छ ।

# बंगलादेशी पूर्वप्रधानमन्त्री हसिनाको कूटनीतिक राहदानी खारेज

■ एजेन्सी
ढाका, भदौ ६



बंगलादेशको अन्तरिम सरकारले बिहीबार अपदस्थ प्रधानमन्त्री शेख हसिनाको कूटनीतिक राहदानी रद्द गरेको छ । हसिनाको राहदानीका साथै पूर्वसरकारका मन्त्री र पूर्वसांसदहरूको राहदानी 'रद्द गरिनुपर्ने' गृह मन्त्रालयले विज्ञप्तिमा बताएको छ ।

ढाकामा हसिनाको सरकारी निवासमा भीडले आक्रमण गर्दा उनलाई सत्ताबाट अपदस्थ गर्नुअघिका हप्ताहरूमा धेरैजसो प्रहरीको गोलीबाट गरी चार सय ५० भन्दा बढीको मृत्यु भएको थियो ।

विरोध प्रदर्शनका क्रममा कथित मानवाधिकार उल्लंघनको अनुसन्धान गर्ने कि नगर्ने भन्नेबारे मूल्यांकन गर्न संयुक्त राष्ट्र संघको टोली बिहीबार बंगलादेश पुगेको छ ।

'पूर्वप्रधानमन्त्री, उनका सल्लाहकार, पूर्वमन्त्रिपरिषद् र विघटन भएको संसद्का सबै सदस्य आफ्नो पदका आधारमा कूटनीतिक राहदानीका लागि योग्य थिए', गृह मन्त्रालयले विज्ञप्तिमा भनेको छ, 'यदि उनीहरूलाई पदबाट हटाइएको छ वा सेवानिवृत्त गरिएको छ भने उनीहरु र उनीहरूको पति/पत्नीको कूटनीतिक राहदानी रद्द गरिनुपर्छ ।'

हसिनाको सरकारमाथि ठूलो मात्रामा दुर्व्यवहार गरेको आरोप लगाइएको थियो । यसमा राजनीतिक विरोधीहरूको सामूहिक हिरासत र गैरन्यायिक हत्या थियो । हसिना र उनको कार्यकालमा अन्य पूर्वशीर्ष अधिकारीहरूले मानक राहदानीका लागि आवेदन दिनसक्ने तर ती कागजातहरु स्वीकृतिमा निर्भर रहने ढाकाका नयाँ अधिकारीहरूले बताएका छन् ।

'उपर्युक्त व्यक्तिहरूले सामान्य राहदानीका लागि नयाँ आवदेन दिंदा दुईवटा सुरक्षा निकायले उनीहरूको राहदानी जारी गर्नका लागि निवेदनलाई मञ्जुरी दिनुपर्छ', मन्त्रालयले भनेको छ । रासस/एएफपी

# डाबरले भारतको तमिलनाडुमा चार अर्ब लगानी गर्ने

■ एजेन्सी
नयाँदिल्ली, भदौ ६

*फास्ट मुभिङ कन्ज्युमर गुड्स (एफएमसीजी) कम्पनी डाबरले तमिलनाडुमा चार अर्ब भारतीय रूपैयाँ लगानी गर्ने भएको छ । कम्पनीले विल्लुपुरम जिल्लामा विश्वस्तरीय उत्पादन कारखाना स्थापना गर्न तमिलनाडु सरकारसँग सम्झौता गरेको छ ।*

*तमिलनाडुका उद्योग मन्त्री डा. टीआरबी राजाले भने डाबरले गर्ने चार सय करोडको यो लगानीले दुई सय ५० भन्दा बढी रोजगारी सिर्जना गर्नेछ । अझ महत्वपूर्ण कुरा यसले वरपरका डेल्टा क्षेत्रका किसानहरूलाई यस उत्पादन कारखानामा प्रशोधित कृषि उत्पादनहरु बेच्ने नयाँ अवसर खोल्नेछ ।*

*उनले डाबर घरेलु हेरचाह, व्यक्तिगत हेरचाह र जुस उत्पादनका लागि लोकप्रिय रहेको बताए । तमिलनाडु छनोट गर्ने उनीहरूको निर्णय हाम्रो राज्यको फस्टाउँदै गइरहेको औद्योगिक इकोसिस्टम र तयार श्रमशक्तिको उपलब्धताको प्रमाण हो ।*

# बोत्सवानामा विश्वको दोस्रो ठूलो हिरा फेला

■ एजेन्सी
ग्याबोरोन, भदौ ६

बोत्सवानामा विश्वको दोस्रो ठूलो दुई हजार चार सय ९२ क्यारेटको विशाल हिरा फेला परेको क्यानेडाली उत्खनन कम्पनीले बिहीबार घोषणा गरेको छ । उत्तरपूर्वी बोत्सवानाको कारोब हिरा खानीबाट एक्स-रे प्रविधि प्रयोग गरेर हिरा फेला पारेको हिरा अन्वेषण तथा खानीसम्बन्धी कम्पनी 'लुकारा डायमन्ड कर्पोरेसन' विज्ञप्तिमा जनाएको छ ।

लुकाराले हिराको मूल्य वा गुणस्तरबारे कुनै जानकारी उल्लेख गरेको छैन । तर क्यारेटको सन्दर्भमा यो सन् १९०५ मा दक्षिण अफ्रिकामा फेला परेको तीन हजार १६ क्यारेटको कलिनन हिरापछिको दोस्रो ठूलो हिरा हो ।

'यो असाधारण दुई हजार चार सय ९२ क्यारेटको हिरा फेला परेकोमा हामी अत्यन्तै खुसी छौं, लुकाराका अध्यक्ष विलियम ल्याम्बले विज्ञप्तिमा भने । कम्पनीले सार्वजनिक गरेको तस्बिरले यो हिरा हातको हत्केलाजस्तै ठूलो भएको देखाएको छ ।

यो अहिलेसम्म पत्ता लागेको सबैभन्दा ठूलो कच्चा हिरामध्ये एक हो । ठूलो, उच्च मूल्यको हिरा पहिचान र संरक्षण गर्न सन् २०१७ मा स्थापना गरिएको कम्पनीको 'मेगा डायमण्ड रिकभरी एक्स-रे' प्रविधि प्रयोग गरेर यो हिरा पत्ता लगाइएको विज्ञप्तिमा जनाइएको छ ।

बोत्सवानाका राष्ट्रपति मोक्वीत्सी मासिसीले बिहीबार यो विशाल ढुंगाको अवलोकन गरेका छन् । रासस/एएफपी


**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Federal Road Supervision and Monitoring Office, Surkhet**
**Road Division Jumla**

## Invitation for Bid

**Tender Notice No: 01/081/82**

Date of Publication: 2081/05/07 (08/23/2024)

1. Road Division Jumla invites bids from eligible domestic bidders for the following works as listed below:

| SN | Contract ID | Description and Location of work | Estimate Amount (NRs) (Excluding VAT ) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|
| 1 | RDJML/33701 1694/081/82-01 | Road Construction and Upgrading Works along Bhattadi - Patedil - Deuramalika hudai Tribeni Samma Sadak , Kalikot | 8,548,746.20 | 3000 | 240,000.00 |
| 2 | RDJML/33701 1694/081/82-02 | Road Construction and Upgrading Works along Khadachakra Ward No 2,3,4 Kalikotko Megarkhola dekhi Tadi Zero Point Jodne Sadak, Kalikot | 8,549,257.30 | 3000 | 240,000.00 |
| 3 | RDJML/33701 1694/081/82-03 | Roadway Construction Works along Raskot Nagarpalika Deura hudai Tretadi Patansamma Sadak, Kalikot | 8,536,647.95 | 3000 | 240,000.00 |
| 4 | RDJML/33701 1694/081/82-04 | Roadway Construction Works along Patihalna-Dharmaghar hudai Baluwa-Chakha-Seri Pantadi Sadak , Kalikot | 8,556,511.82 | 3000 | 240,000.00 |
| 5 | RDJML/33701 1694/081/82-05 | Roadway Construction Works along Padekshya dekhi Jimjedisamma Sadak, Kalikot | 8,553,706.89 | 3000 | 240,000.00 |
| 6 | RDJML/33701 1694/081/82-06 | Roadway Construction and Upgrading Works along Ghattegad Gela Kuni Ramni hudai Padamghat Sadak,Kalikot | 8,478,574.49 | 3000 | 240,000.00 |
| 7 | RDJML/33701 1694/081/82-07 | Road Construction and Upgrading Works along Tulsipur -Makhantakuri – Luham- Chaurjahari Jajarkot - Khalanga Jumla- Kudari Road (12+000 Km to 17+000 Km), Jumla | 8,553,342.89 | 3000 | 240,000.00 |
| 8 | RDJML/33701 1694/081/82-08 | Road Construction and Upgrading Works along Guthichaur-04 Pyakurebada hudai Duiyabhidbat Mudurisamm Road, Jumla | 8,541,971.35 | 3000 | 240,000.00 |
| 9 | RDJML/33701 1694/081/82-09 | Road Construction and Upgrading Works along Guthichaur-04 Bhalkhola dekhi Burseni Kaulimare Road, Jumla | 8,553,626.40 | 3000 | 240,000.00 |
| 10 | RDJML/33701 1694/081/82-10 | Road Construction and Upgrading Works along Tatopani-07 Baragau Mepani dekhi Goru Odar Road, Jumla | 8,552,497.17 | 3000 | 240,000.00 |
| 11 | RDJML/33701 1694/081/82-11 | Road Construction and Upgrading Works along Tui Pokhari dekhi Gharde Samma Road (Danda Salla to Baringa), Jumla | 8,556,233.16 | 3000 | 240,000.00 |
| 12 | RDJML/33701 1694/081/82-12 | Road Construction and Upgrading Works along Tum dekhi Lamachaur Samma Sadak Rarako Pratakiy Marga Chayanatha Rara Na.Pa.-03, Mugu | 8,487,869.58 | 3000 | 240,000.00 |

| S.N. | Last Date of Bid Submission | Bid Opening Date, Time & place | Pre-Bid Meeting | Bid Validity Period | Bid Security Validity | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 2024/09/22 (AD) 2081/06/06 (BS) upto 12:00 hours | 2024/09/22 (AD) 2081/06/06 (BS) 13:00 hours, Road Division Jumla | 2024/09/05 (AD) 2081/05/20 (BS) 13:00 hours at office address | 90 days from bid submission due date | Minimum 30 days beyond bid validity period | For SN 1-12 of above table |

2. Road Division Jumla invites Open Competitive Bidding (electronic bids) from eligible Nepalese bidders as stated above in the Table for construction of works under National Competitive Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at
   Office : Road Division Jumla,
   Telephone No :087-520612
   E-mail Address: drojumla@gmail.com
   or may Visit PPMO website.
4. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may down load the bidding documents for e-submission from PPMO website: Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Office's Rajaswa (revenue) account as specified below and the scanned copy (*.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| | |
|---|---|
| (BF) Name of the Bank | Rastriya Banijya Bank |
| (BF) Name of Office | Road Division Jumla |
| (BF) Office Code No | 337016201 |
| (BF) Office Account No | 1000200010000 |
| (BF) Rajaswa (revenue) Shirshak No. | 14229 |

5. The Bids must be valid for a period as stated in the table above after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs as mentioned in the table above which shall be valid for 30 days beyond the validity period of the bid. If the bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in

| | |
|---|---|
| (BS) Account Name: . | Ko Le Ni Ka Jumla Dharauti |
| (BS) Bank Name: | Rashtriya Banijya Bank, Jumla |
| (BS) Bank Address: | Jumla |
| (BS) Account Number: | 4030100102030000 |

and should submit the original receipt of the deposited amount along with the bid.

6. Upon notification from the employer, the bidders who choose to submit a bid electronically shall deliver his her all necessary original documents comprising bids and supporting documents attested duly by a public notary to Department of Roads, Road Division Jumla, within date and time set in the employer's request.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. All the rights as to whether to accept or reject, wholly or partly any or all the bids or cancel the bidding process without assigning any reason, whatsoever are reserved to this Road Division Jumla,
9. Bidders can bid as a single contractor or in the form of a joint venture of maximum of three contracting firms.
10. The Employer reserves rights to amend and correct at any time in case of discrepancies or error in Bidding document, Tender notice or any other documents. Such amendments, corrections shall be published on the notice board of this Road Division Jumla, and also on PPMO Web Site.
11. Matters not covered by this notice shall be in accordance with public procurement act, 2063 (with latest amendment), public procurement regulations, and 2064 (with latest amendment) and other prevailing rules and regulations of Nepal.

**Division Chief**